दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ्ग, काठमाडौं
३ नं. प्रदेश, नेपाल

करार सेवाको लागि दरखास्त आह्वान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७६/०९/२३

यस दक्षिणकाली नगरपालिकाको लागि १ (एक) जना कृषि प्राविधिक तर्फ सेवा: कृषि, पद: ना.प्र.स., तह: सहायक चौथो तहको कर्मचारी २०७७ आषाढ मसान्त सम्मका लागी सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) औं दिनको २:०० बजे सम्ममा राजश्व तिरेको रसिद सहित यस नगरपालिकामा दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फारम, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेभसाईट www.dakshinkalimun.gov.np बाट उपलब्ध हुनेछ ।

तपसिल

क्र.सं.	विज्ञापन नं.	पद	समूह /श्रेणी/तह	आवश्यक संख्या	दरखास्त दस्तुर
१	०१/०७६/०७७	नायब प्राविधिक सहायक	कृषि/सहायक स्तर चौथो	१	रु.३००।-

क) परिक्षाको किसिम : अन्तर्वार्ता ।

ख) न्यूनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट कृषि विषयमा जे.टि.ए. वा सो सरह उत्तिर्ण ।

ग) दरखास्त साथ संलग्न गर्नुपर्ने कागजपत्रहरु : उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, कार्य अनुभवको प्रमाणित प्रतिलिपि । सबै प्रमाणपत्रहरु उम्मेदवार स्वयंले सक्कल बमोजिम भएको प्रमाणित गरेको हुनुपर्नेछ । समकक्षता चाहिनेको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

ग) उमेरको हद : दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । तर महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।

घ) दरखास्त फारम पाईने तथा बुझाउने स्थान : दक्षिणकाली नगरपालिका कार्यालय, फर्पिङ्ग, काठमाडौं । दरखास्त फारम यस नगरपालिकाको वेभसाईट www.dakshinkalimun.gov.np बाट Download गर्न सकिनेछ ।

ङ) परिक्षा हुने केन्द्र र मिति : अन्तर्वार्ता को मिति र केन्द्र पछि प्रकाशन गरिनेछ ।

च) अन्य :
- कर्मचारी छनौट गर्ने तथा नगर्ने सम्पूर्ण अधिकार दक्षिणकाली नगरपालिकामा निहित हुनेछ ।
- नायब प्राविधिक सहायक छनौट पश्चात् नगरपालिका अन्तर्गतको कृषि शाखामा रही कामकाज गर्नुपर्नेछ ।
- पारिश्रमिक सहायक स्तर चौथो/सो सरहको हुनेछ ।
- बिदा लगायत अन्य सेवा तथा सुविधाको हकमा नगरपालिकासंग हुने करार सम्झौता बमोजिम हुनेछ ।
- सूचनामा उल्लेख भए बाहेकका अन्य आवश्यक कुराहरु उम्मेदवार छनौट तथा सिफारिस मितिले निर्धारण गरे बमोजिम हुनेछ ।
- थप जानकारीको लागि नगरपालिकाको सम्पर्क नं. ०१-४७१००२८ मा सम्पर्क गर्न सक्नु हुनेछ वा नगरपालिकाको ईमेल : info@dakshinkalimun.gov.np मा ईमेलद्वारा समेत बुझ्न सक्नु हुनेछ ।

दक्षिणकाली नगरपालिका
फर्पिङ्ग, काठमाडौं

घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत